२०७९ कार्तिक ३ गते तदनुसार **(October 20, 2022)** बिहीबारको **बैठकमा पेश भएका कार्यसुचीहरु :**

१. लैङ्गिक हिंसा निवारण **कोष सञ्चालन समिति गठन सम्बन्धमा ।**

२. **IEE** प्रतिवेदन तयार गर्ने **सम्बन्धमा ।**

३. भवन नक्सा पास **सम्बन्धी मापदण्ड तयारी सम्बन्धमा ।**

४. वडा नं.३ मा सञ्चालन **भइरहेको दोस्रो** रिनुवाल कपलाई **आर्थिक सहयोग सम्बन्धमा ।**

५. अन्य आर्थिक सहयोग **सम्बन्धमा ।**

६. संघीय समपूरक तथा **विशेष** अनुदानको माग गर्नको लागि **योजना छुनौट सम्बन्धमा ।**

## २०७९ साल कार्तिक ३ गते बिहीबारको बैठकका निर्णयहरु:

निर्णय नं.१: यस मानेभन्ज्याङ गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ को दफा ७ को व्यवस्था अनुसार तत्काल उद्धार तथा राहत समितिको व्यवस्था भए अनुसार तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

अध्यक्ष - श्री आश्राचन राई(गाउँपालिका उपाध्यक्ष)

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य - सामाजिक विकास शाखा प्रमुख

सदस्य – कार्यपालिका सदस्य मध्ये १ जना महिला श्री गोमा कुमारी बि.क.

सदस्य – स्वास्थ्य शाखा संयोजक

सदस्य- प्रहरी चौकी इन्चार्ज

सदस्य सचिव- महिला तथा बालबालिका शाखा प्रमुख

निर्णय नं.२. यस मानेभन्ज्याङ गाउँपालिकामा अवस्थित दुधकोशी नदी, सुनकोशी नदी र मोलुङ खोलाको बगर क्षेत्रबाट दीगो रुपमा ढुङ्गा गिटी तथा बालुवाको संकलन तथा उत्खनन् कार्य सञ्चालनको लागि परामर्श सेवा खरिद प्रक्रियाबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी बोलपत्र आव्हान मार्फत टेण्डर लगाउने निर्णय गरियो ।

निर्णय नं.३. यस मानेभन्ज्याङ गाउँपालिकामा निर्माण हुने घर तथा भवनहरुको नक्सा पास गर्ने तथा पुराना घर तथा भवनहरुको अभिलेखीकरण गर्ने प्रयोजनको लागि भवन नक्सा पास सम्बन्धी मापदण्ड तयार गरी सो मापदण्ड पालिकाको अर्को नियमित बैठकमा पेश गर्नको लागि यस गाउँपालिकाको ई. सुनिल तामाङलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.४: मानेभन्ज्याङ गाउँपालिकाको वडा नं. ३ उँवुको व्वोकुल्ला खेलकुद मैदानमा सञ्चालन भैरहेको दोस्रो रिनुवाल कप, २०७९ फुटवल प्रतियोगिताको लागि आर्थिक सहयोग आ.व.२०७९/८० को गाउँ सभाबाट विनियोजन भएको बजेट शीर्षक अन्य सामाजिक सहायता बाट रु. २ लाख बीस हजार प्रदान गर्ने तथा उक्त रकम आयोजक संस्था चौरास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सञ्चालक समितिको निर्णयानुसार संस्थाका अध्यक्ष श्री मेडल राईको खातामा भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.५. यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ६ स्थायी निवासी क्यान्सर पीडित जगत बहादुर राईलाई आर्थिक सहायता स्वरुप निजको छोरो डिलास्वर राईलाई मिति २०७९/०६/११ र मानेभन्ज्याङ गाउँपालिका वडा नं. ९ स्थायी निवासी दीर्घ रोगी सुश्री राममाया राईलाई मिति २०७९/०६/१३ मा अन्य सामाजिक सहायता बजेट शीर्षकबाट भुक्तानी गरिएको आर्थिक सहायतालाई यस कार्यपालिका बैठकबाट सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.६. संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदान लागि यस मानेभन्ज्याङ गाउँपालिकाको वडा नं.१, २, ४ र ६ को वडा कार्यालय निर्माण गर्नको लागि पूर्व तयारी गर्ने, जसको लागि जग्गा नभएको वडाले जग्गा निशुल्क रुपमा वडाको नाममा रजिष्ट्रेसन पास गर्नु पर्ने जग्गा प्राप्त भैसकेको भएमा गाउँपालिकाबाट परामर्श सेवा खरिद प्रक्रियाबाट डिपिआर तयार गरी संघीय सरकारमा प्रस्ताव पेश गर्ने निर्णय पारित गरियो । यस्तै विशेष अनुदानलाई वडा नं. ६ को महादेवस्थान मा.वि.,वडा नं.४ को भिमसेनस्थान मा.वि. , वडा नं. ३ को श्री राज्यलक्ष्मी मा.वि. को लागि संघीय सरकारमा प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत गरियो ।